स्थानीय सरकार

# तारकेश्वर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

दाङसिङ, नुवाकोट
बागमती प्रदेश, नेपाल

प.सं.:२०८३/८४
च.नं.:

## सूचना

(प्रकाशित मितिः२०८३/०६/०४)

**विषयः बाढी प्रभावित परिवारका लागि बसोबास र जीविकोपार्जन अनुदान लाभग्राही कायम गर्न निवेदन आह्वान।**

यस गाउँपालिका क्षेत्रभित्र मिति २०८३ भदौ १० गते भोटेकोशी नदी हुँदै त्रिशुली नदीमा आएको भीषण बाढीका कारण निजी आवास पूर्ण रूपले क्षति भई बसोबास गर्न अयोग्य भएका वा आंशिक क्षति भएता पनि बसोबास गर्न योग्य नरहेका परिवारलाई बसोबास र जीविकोपार्जन अनुदान उपलब्ध गराउन लाभग्राही कायम गर्नुपर्ने भएकाले, इच्छुक परिवारले आफ्नो सम्बन्धित वडा कार्यालयमा तोकिएको ढाँचामा निवेदन दिनुहुन अनुरोध छ।

**निवेदन दिने स्थानः** सम्बन्धित वडा कार्यालय

**निवेदन दिने अन्तिम मितिः** २०८३/०६/०९ (कार्यालय समयभित्र)

आवश्यक कागजातहरूः

१. बसोबास र जीविकोपार्जन अनुदान लाभग्राही कायम गरी पाऊँ भन्ने निवेदन (तोकिएको ढाँचा)।
२. नेपालभर आफू र आफ्नो परिवारको नाममा बसोबासयोग्य घर नभएको र अन्यत्रबाट जीविकोपार्जन अनुदान प्राप्त नगरेको स्वघोषणा।
३. परिचयपत्रको प्रतिलिपि (नागरिकता वा राष्ट्रिय परिचयपत्र)।
४. बैंक तथा वित्तीय संस्थामा रहेको खाताको विवरण वा चेकको प्रतिलिपि।
५. परिवारका सबै सदस्यहरूको नाम, थर, उमेर, लिङ्ग, नाता र कैफियत सहितको विवरण।
६. अपाङ्गता भएका व्यक्ति, गर्भवती, सुत्केरी, एकल महिला, दीर्घरोगी, लोपोन्मुख जाति, भूमिहीन, दलित, यौनिक अल्पसंख्यक वर्ग भएमा सोको प्रमाण/विवरण।
७. घरमूली उपस्थित हुन नसकेको अवस्थामा संरक्षक/अधिकार प्राप्त व्यक्तिको विवरण र मञ्जुरीनामा।
८. सरकारले अस्थायी आवासको व्यवस्थापन गरेमा उक्त आवासमा बस्न मञ्जुर छु र पछि बसोबास तथा जीविकोपार्जन अनुदान दावी गर्दिन भन्ने प्रतिबद्धता।
९. अन्य आवश्यक कागजात (सम्बन्धित वडा कार्यालयबाट माग भएमा)।

प्रमुख प्रशासकीय अधिकृत

Website : www.tarakeshwormunnuwakot.gov.np Email : ittarakeshwormun@gmail.com Phone: 010630001-630002
वेबसाइट : www.tarakeshwormunnuwakot.gov.np इमेल: ittarakeshwormun@gmail.com फोन नं. : ०१०६३०००१-६३०००२

CamScanner